## अपिहिमाल गाउँपालिकाको गाउँ सभाको बैठकमा न्यायिक समितिका संयोजक श्री देवकी देवी बोहराले प्रस्तुत गर्नु भएको

# न्यायिक समितिको प्रतिवेदन

स्थानीय सरकार

अपिहिमाल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खण्डेश्वरी, दार्चुला

सुदूरपश्चिम प्रदेश, नेपाल

२०८०

## परिच्छेद-१
## प्रारम्भिक

### १.१ पृष्ठभूमी

संविधान सभाबाट नेपालको संविधान निर्माण गरी जारी भएसंगै नेपालमा एकीकृत शासन व्यवस्थाबाट विकेन्द्रिकृत शासन प्रणालीको सुरुवात भएको छ । वर्तमान नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई आत्मसात गरेको छ।संविधानको भाग-५ मा राज्य संरचना र राज्यशक्तिको बाडफाड सम्बन्धी व्यवस्था गरिएको छ । संविधानको धारा ५६ को उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहको हुनेछ भन्ने व्यवस्था गरिएको छ भने सोही धारा उपधारा (४) मा स्थानीय तह अन्तर्गत गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहनेछन । गाउँपालिका र नगरपालिका मा रहने वडाको संख्या संघीय कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ । संविधानको धारा ५७ मा राज्यशक्तिको बाडफाड सम्बन्धी व्यवस्था अनतर्गत तीनै तहका सरकारको एकल तथा साझा अधिकार सम्बन्धी अनुसूची-६ देखि सम्म व्यवस्था गरिएको छ, भने संविधानको धारा ५९ मा तीनै तहका सरकारको आर्थिक अधिकार सम्बन्धी व्यवस्था गरी संवैधानिक मान्यता प्रदान गरेको छ । संविधानको भाग-१७ मा स्थानीय कार्यपालिका सम्बन्धीव्यवस्था गरिएको छ । धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार यो संविधान र संघीय कानूनको अधीनमा रही गाउँकार्यपालिका वा नगरकार्यपालिकामा निहित रहनेछ भन्ने व्यवस्था गरिएको छ भने धारा २१७ मा न्यायिक समिति सम्बन्धी व्यवस्था गरिएको छ । संविधानको धारा २१७ को उपधारा (१) मा “कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय क न्यायिक समिति रहनेछ” भन्ने व्यवस्था गरिएको छ । सोही धाराको उपधारा (२) मा न्यायिक समितिमा गाउँ सभा वा नगर सभाबाट आफू मध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने छन भन्ने संवैधानिक व्यवस्था रहेको छ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद-८ मा न्यायिक कार्य सम्बन्धी व्यवस्था अन्तर्गत दफा ४६ मा न्यायिक समिति दफा ४७ मा न्यायिक समितिको अधिकारक्षेत्र दफा ४८ मा अधिकारक्षेत्रको प्रयोग दफा ४९ मा न्याय सम्पादन प्रक्रिया दफा ५० मा

लिखित जानकारी दिनुपर्ने, दफा ५१ मा पुनरावेदन गर्न सक्ने, दफा ५२ मा मिलापत्र वा निर्णय कार्यन्वयन गर्ने दफा ५३ मा अभिलेख राख्नुपर्ने लगायतका कानुनी व्यवस्था गरिएको छ । उल्लेखित कानुनी व्यवस्था बमोजिम अपिहिमाल गाउँपालिकाको न्यायिक समितिले कार्यसम्पादन गर्दै आएको छ ।

## १.२ न्यायिक समितिको उद्देश्य

(क) क्षेत्राधिकार भित्रका विवादहरुको न्यायिक निरुपण गर्ने,


(ख) विवादहरुको समाधान मेलमिलापको माध्यमबाट गरी समाजमा मेलमिलाप कायम गराउने,

(ग) न्यायमा सबै वर्ग, क्षेत्र, लिंग, जाति, समुदायको पहुच पुऱ्याउने,

(घ) गाउँपालिकाको न्यायिक कार्यसम्पादन गर्ने,

(ङ) विवादको दिगो समाधान खोजि आम नागरिकमा न्यायको प्रत्याभुति दिलाउने ।

## १.३ गाउँपालिकाको न्यायिक समितिको संरचना




## १.४ संवैधानिक तथा कानुनी व्यवस्था

(क) नेपालको संविधानको धारा २१७,

(ख) स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-८,

(ग) अपिहिमाल गाउँपालिकाको न्यायिक समितिले उजूरीको कारवाही गर्दा अपनाउनुपर्ने कार्यविधिको व्यवस्था गर्न बनेको ऐन, २०७४,

(घ) न्यायिक समितिको बैठक भत्ता सम्बन्धी कार्यविधि, २०७९,

(ङ) न्यायिक समिति कार्य सम्पादन हाते पुस्तिका (अपिहिमाल गाउँपालिका),

(च) स्थानीय तहको कानून निर्माण तथा न्याय सम्पादन प्रक्रिया सम्बन्धि स्रोत सामग्री।

## १.५ न्यायिक समितिको अधिकारक्षेत्र

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ बमोजिम न्यायिक समितिको क्षेत्राधिकार देहाय बमोजिम रहेको छ ।

### (क) विवाद निरुपण गर्ने अधिकार

(१) आलिधुर, बाधपैनी, कुलो पानी घाट को बाडफाड र उपभोग,
(२) अर्काको बालि नोक्सानि गरेको,
(३) चरन, घाँस, दाउरा,
(४) ज्याला मजुरि नदिएको,
(५) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,
(६) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,
(७) नाबालक छोराछोरी वा पतिपत्नीलाई इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दीक्षा नदिएको,
(८) वार्षिक लाख रुपैया सम्मको विगो भएको घर बहाल र घर बहाल सुविधा,
(९) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको,
(१०) आफ्नो घर वा बलेसि बाट अर्काको घर वा अन्य सार्वजनिक स्थलमा पानि झारेको,

(११) संधियार को जग्गा तर्फ झ्याल राखी घर बनाउन पर्दा कानुन बमोजिम छोड्नु पर्ने परिमाण को जग्गा नछोडी बनाएको,

(१२) कसैको हक वा स्वामित्वमा भएपनि परापुर्व कालदेखि सार्वजनिक रुपमा प्रयोग हुदै आएको बाटो,वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर,कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको,

(१३) संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेको अन्य विवाद।

**(ख) मेलमिलाप माध्यम बाट विवादको निरुपण गर्ने अधिकार**

(१) सरकारी,सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले च्यापी, मिची वा घुसाई खाएको,

(२) सरकारी, सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुने संरचना बनाएको,

(३) पति पत्नीबीचको सम्बन्ध बिच्छेद,

(४) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

(५) गाली बेइजती,

(६) लुटपिट,

(७) पशुपंक्षी छाडा छाडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,

(८) अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,

(९) अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोग चलन गरेको,

(१०) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याकी छिमेकीलाई असर पुर्याएको

(११) प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ती वादी भई दायर हुने अन्य देवानी र क वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

## १.६ अधिकार क्षेत्रको प्रयोग

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४८ अनुसार न्यायिक समितिले अधिकार क्षेत्रको प्रयोग देहाय बमोजिम गर्दै आएको छ।

(क) क्षेत्राधिकारको प्रयोग समितिको समयोजक र सदस्यहरुले सामुहिक रुपमा र बहुमतको राय समितिको निर्णय हुने,

(ख) न्यायिक समितिको संयोजक र क जना सदस्यको उपस्थिति भएमा विवादको कारवाही र किनारा हुने,

(ग) न्यायिक समितिको संयोजक बाहेक अरु दुई जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्न बाहेक अरु कारवाही हुने,

(घ) कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुईजना सदस्यको सर्वसम्मतिमा विवादको कारवाही र किनारा हुने,

(ङ) कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजि सरोकार वा स्वार्थ गासिएको वा त्यस्तो संयोजक वा सदस्यको नातामित्रका व्यक्ति विवादको पक्ष भएमा निजबाट सो विवादको कारवाही र किनारा नहुने,

(च) संयोजक वा सदस्यले हेर्न नमिल्ने विवादको हकमा संयोजक वा सदस्य बाहेकका अन्य सदस्यले विवादको कारवाही र किनारा गर्ने,

(छ) संयोजक र सबै सदस्यले त्यस्तो विवादको कारवाही र किनारा गर्न नमिल्ने भएमा गाउँ सभा ले तीन जना सदस्यलाई सो विवादको मात्र कारवाही र किनारा गर्ने गरी समिति गटन गर्न सकिने,

(ज) न्यायिक समितिका सदस्यबाट विवादको कारवाही र किनारा नहुने विवाद निरुपण गर्न सभाबाट गठन भएको तीन सदस्यीय समितिको जेष्ठ सदस्यले सो समितिको संयोजक भई तोकिएको विवाद निरुपण गर्ने ।

## १.७ न्यायिक समिति न्याय सम्पादन प्रक्रिया

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४९ अनुसार न्यायिक समितिको न्याय सम्पादन प्रक्रिया देहाय बमोजिम रहेको छ ।

(क) न्यायिक समितिले आफु समक्ष पेश भएको विवादको निवेदन दर्ता गरी दर्ताको निस्सा सम्बन्धित पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(ख) न्यायिक समितिले आफु समक्ष पेश भएको विवादको निवेदनको कारवाही र किनारा गर्दा सम्भव भएसम्म मेलमिलाप गर्न प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनुपर्नेछ । पक्षहरुबिच मिलापत्र हुन नसकेमा दफा ४७ को उपदफा (१) मा उल्लेखितविवादमा न्यायिक समितिले कानून बमोजिम विवादको किनारा गर्नु पर्नेछ ।

(ग) उपदफा (२) बमोजिम मिलापत्र गराउँदा न्यायिक समितिले आफूले सुचीकृत गरेको मेलमिलापकर्ता बाट गराउनु पर्नेछ ।

(घ) न्यायिक समितिले दफा ४७ को उपदफा (२) मा उल्लेखित विवादमा प्रतिवादी उपस्थित भएको मितिले तीन महिनाभित्र मेलमिलापको माध्यमबाट टुङ्ग्याउनु पर्नेछ । सो अवधिभित्र मेलमिलाप हुन नसकेमा सोही व्यहोरा उल्लेख गरी पक्षलाई अदालत जान सुनाई विवाद र सोसँग सम्बन्धित मिसिल कागज र प्रमाण समेत सम्बन्धित अदालतमा पठाइदिनु पर्नेछ ।

## परिच्छेद-२

## न्यायिक समितिको कार्यसम्पादन

### २.१ न्यायिक समिति ले सम्पादन गरेका क्रियाकलाप

२०७९ श्रावण देखि २०८० जेठ मसान्त सम्म बिभिन्न मिति र समयमा २६ वटा बैठक बसी तपसिल बमोजिम कार्यसम्पादन गरिएको छ । चालु आर्थिक वर्ष २०७९|०८० मा न्यायिक समिति समक्ष पेश भएका उजुरीको विवरण देहाय बमोजिम रहेका छन ।

| आ.व. २०७९-०८० मा कुल पेश भएको उजुरी संख्या | दरपीठ | उजूरी फिर्ता | मेलमिलाप हुन नसकेको सम्बन्धित निकाय मा पठाएको | उजुरी फछ्र्यौट भएको | छलफलमा रहेको | कार्वाहि नभएको |
|---|---|---|---|---|---|---|
| १८ | ० | १ | १ | १० | २ | ४ |

आर्थिक वर्ष २०७८/०७९ बाट सारिएका उजुरी र चालु आ.व. २०७९/०८० को जेठ मसान्त सम्म यस अपिहिमाल गाउँपालिकाको न्यायिक समिति समक्ष पेश भएका उजूरीहरुको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.सं. | पक्षको नाम, थर | विपक्षको नाम, थर | मुद्दा को प्रकृति | दर्ता मिति | मेलमिलाप भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | जनक सिंह धामी | समुन्द्र कार्कि | मजुरी नपाएको | २०७९|१|११ | २०७९|०१|१२ | |
| २ | गोविन्द लोध्याल | जैभान टमटा | लेनदेन | २०७९|३|१२ | - | लेनदेन |
| ३ | अंगा धामी | भरत धामि | मजुरी नपाएको | २०७९|३|१४ | २०७९|०४|०८ | |
| ४ | हरिमन ठेकरे | ओमकार बुढाथोकि | मजुरि नपाएको | २०७९|३|१४ | - | |
| ५ | धाना धामी | धनसिंह धामी | मजुरी नपाएको | २०७९|७|२४ | २०७९|०८|१६ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कमल राज | सरोज अवस्थी | लेनदेन | २०७९।८।२० | - | लेनदेन |
| ७ | नन्दन सिंह ठेकरे | मकरीगाड हाइड्रोपावर | लेनदेन | २०७९।८।२१ | २०७९।११।१८ | |
| ८ | गंगा कार्की | केशव सिंह धामी | मजुरी नपाएको | २०७९।८।२१ | २०७९।०९।१३ | |
| ९ | तारा मन्याल | नरभान, मन्तोलि ठेकरे | इज्जत आमद बस्न नदिएको | २०७९।८।२५ | २०७९।१०।१४ | |
| १० | भागरथी अट्याल | लोकेन्द्र शाही | मजुरी नपाएको | २०७९।१०।०९ | २०७९।१२।२९ | |
| ११ | हरिलाल रोकाया | लोकेन्द्रराम टमटा | | २०७९।१०।११ | - | लेनदेन |
| १२ | कृष्ण ठगुन्ना | जितसिंह जागरि | जानकारी | २०७९।१०।१३ | - | सम्पर्कमा आइसकेको |
| १३ | रणविर मन्याल | नरेश राइपा | लेनदेन | २०७९।११।३ | - | लेनदेन मुद्दा फिर्ता |
| १४ | मिनसिंह धामि | लोकेन्द्र शाही | मजुरी नपाएको | २०७९।११।१८ | २०७९।१२।२९ | |
| १५ | बिरेन्द्र टमटा | लोकेन्द्र शाही | मजुरि नपाएको | २०७९।११।२३ | २०७९।१२।२९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | डम्बर ठेकरे | जयबहादुर पुन | मजुरी नपाएको | २०७९।११।२९ | - | छलफल भैरहेको |
| १७ | कृष्ण धामी | निक्सन आचार्य | मजुरी नपाएको | २०७९।१२।०१ | - | छलफल भैरहेको |
| १८ | चन्द्र रोकाया | धनसिंह जागरी | अनाधिकृत जग्गामा भौतिक संरचना बनाएको | २०७९।१२।०९ | २०७९।१२।२४ | |

## २.२ <u>खर्च विवरण</u>

अपिहिमाल गाउँपालिका अन्तर्गत रहेको न्यायिक समितिले चालु आर्थिक वर्ष २०७९।०८० को विनियोजित कुल बजेट रु. ७,००,०००।- (अक्षररुपी सात लाख मात्र) मध्ये बाट निम्न शीर्षकमा देहाय बमोजिम खर्च भएको छ।

| **क्र.स.** | **शीर्षक** | **खर्च** | **कैफियत** |
|---|---|---|---|
| १. | झोला खरिद तथा पदाधिकारीको क्षमता वृद्धि सम्बन्धी तालिम | **५,००,०००।-** | |
| ३. | बैठक भत्ता | | |
| **जम्मा** | | **५,००,०००।-** | |

## २.३ <u>न्यायिक समिति अन्तर्गतका मेलमिलाप कर्ताहरुको विवरण</u>

न्यायिक समितिमा सुचीकृत मेलमिलापकर्ता हरुको विवरण देहाय बमोजिम रहेको छ ।

**(क) गाउँपालिकास्तरीय मेलमिलाप कर्ता**

(१) खडक सिंह लोथ्याल
(२) यसोदा रोकाया
(३) नरसिंह धामी
(४) कल्यान सिंह बोहरा

**ख) वडास्तरीय मेलमिलाप कर्ता**

न्यायिक समिति अन्तरगत रहेका वडा मेलमिलाप कर्ताहरुको विवरण देहाय बमोजिम रहेको छ।

| क्र.स. | मेलमिलाप कर्ता को नाम | वडा | पद |
|---|---|---|---|
| १ | पोखर सिंह लोथ्याल | अपिहिमाल-१ | संयोजक |
| २ | लक्ष्मण सिंह जागरी | - | मे.क. |
| ३ | सरोजनि धामी | - | मे.क. |
| ४ | राम सिंह धामी | अपिहिमाल-२ | संयोजक |
| ५ | चन्द्र सिंह कार्की | - | मे.क. |
| ६ | देउमा लोथ्याल | - | मे.क. |
| ७ | गगन सिंह कार्कि | अपिहिमाल-३ | संयोजक |
| ८ | केशव सिंह बोहरा | - | मे.क. |
| ९ | सरस्वती बोहरा | - | मे.क. |
| १० | रबिन्द्र सिंह बोहरा | अपिहिमाल-४ | संयोजक |

| | | | |
|---|---|---|---|
| ११ | दुर्गादेवी थापा मगर | - | मे.क. |
| १२ | क्षेत्र सिंह ठेकरे | - | मे.क. |
| १३ | राजेन्द्र सिंह धामी | अपिहिमाल-५ | संयोजक |
| १४ | राजेन्द्र सिंह धामी | - | मे.क. |
| १५ | राजमती जागरी | - | मे.क. |
| १६ | धर्मसिंह धामी | अपिहिमाल-६ | संयोजक |
| १७ | भक्त सिंह धामी | - | मे.क. |
| १८ | मन्ती महता | - | मे.क. |

## २.४ हालसम्म भएका उपलब्धिहरु

(क) न्यायिक समितिको २६ बैठक संचालन भई न्यायिक समिति समक्ष पेश भएका विभिन्न १८ ओटा उजुरी सम्बन्धी छलफल गरि आवशयक कार्वाही गरि १० ओटा उजुरी कानुनी तवरले फछ्यौंट भैसकेको छ।

(ख) अपिहिमाल न्यायिक समितिको आयोजनामा न्यायिक समितिका पदाधिकारि एबम् वडा मेलमिलाप कर्तालाई २ दिने क्षमता अभिवृद्धिमुखी तालिम सम्पन्न गरिएको छ।

(घ) न्यायिक समितिको क्षमता अभिवृद्दि सम्बन्धी शैल्यशिखर न.पा. गोकुलेश्वर मा ३ दिने न्यायिक समिति अभिमुखीकरण तालिममा पालिकाको तर्फ बाट समिति सहभागी भएको।

# परिच्छेद-३
## समस्या, चुनौति र निष्कर्ष

## ३.१ स्थानीय तहमा न्यायिक समितिको कार्य सम्पादनमा देखिएका चुनौती

स्थानीय स्तरमा अदालती अभ्यासको सुरुवाती निकै सकारात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादन गर्दा देहाय बमोजिम चुनौती रहेका छन।

(क) न्याय सम्पादनमा कानुनी दक्षता को अभाव,

(ख) कतिपय व्यावहारिक पक्षसंग न्याय सम्पादन गर्दा प्रचलित कानुन संग बाझिने प्रवल संभावना,

(ग) प्रयाप्त प्रमाण बिना फैसला हुनसक्ने,

(घ) कुनैपनि मुद्दा सिधै जिल्ला अदालतमा जान सक्ने हुदा राजनैतिक बहावमा परी फरक विचार भएका व्यक्ति सिधै जिल्ला अदालतमा जान सक्ने,

(ङ) आमजनसमुदाय मा न्यायिक समितिको अधिकार प्रतिको अल्पज्ञानले हरेक चोटी राजनैतिक दृष्टिकोणले हेर्ने गलत सोचाई।

## ३.२ समस्या तथा चुनौती समाधान गर्न अलम्वन गरिएका उपायहरु

न्यायिक कार्यसम्पादनलाई सहज बनाउन दक्ष कानूनी विज्ञबाट परामर्श एबम् कानुनी क्षमता अभिवृद्धि सम्बन्धि तालिमको आयोजना हुन अत्यन्त आवश्यक छ । यसकारण न्यायिक समितिको आगामी दिनहरु लक्षित गरी न्याय र सुशासनका पक्षसँग निकटम रहेर शुसासन सम्बन्धी जनचेतनामुलक कार्यक्रम आयोजना गर्ने नितिगत योजनाले पक्कै पनि न्याय तथा सुशासनमा थप केहि सहजता हुने अपेक्षा राख्न सकिन्छ ।

यथार्थमा कानुनी प्रक्रियालाई बुझ्न नसकिनु र सो सम्बन्धी अध्ययनको कमी रहनु मुख्य चुनौतीको विषय रहेको छ । सामाजिक चेतनात्मक, सामाजिक मेलमिलाप, समाजिक सद्भाव कायम गर्न आवश्यक अभ्यासको सुरुवात भएको छ । विगतका विभिन्न मुद्दाको प्रकृतिको अध्ययन गरी आगामी न्यायिक कार्य सम्पादन सहज र सेवा प्रवाहमुखी बनाउन थप कानूनी तालिमको अभ्यास गरिएको छ । यसले न्यायिक चुनौती र समस्या न्यूनिकरण गर्न मद्दत गर्नेछ । न्यायिक चुनौती र समस्या समाधानका लागि देहाय बमोजिम नीति अवलम्वन गरिएको छ।

(क) न्यायग्राहीलाई बिना झन्झट मितव्ययी सेवा तथा न्याय प्राप्तिका लागि आफ्नै वडापालिकामा उजूरी पेश गर्न सकिने अभिप्रायका साथ प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना भएको ।

(ख) प्रत्येक वडामा निहित वडा मेलमिलापकर्ता हरुको कार्यसम्पादन सहजिकरणको लागि आवश्यक कार्यालय व्यवस्थापनको निमित्त फर्निचर व्यवस्थापनको लागि समितिले निर्णय पारित भएको, निकट भविश्य मै उक्त निर्णय कार्यान्वयन हुने ।

(ग) न्यायसम्पादन प्रक्रियामा कानूनी दक्षताको अभाव महसुस संगै न्यायिक कार्यसम्पादन सहजिकरणको निमित्त ४८ घण्टे न्यायसम्पादन अभिमुखिकरण तालिमको आयोजनाको छलफल तथा अभ्यास भैरहेको ।

## ३.३ निष्कर्ष

नेपालको संविधानको धारा २१७ बमोजिम गठित अपिहिमाल गाउँपालिको न्यायिक समितिले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) र (२) बमोजिमको अधिकार क्षेत्रभित्र रहि सोहि ऐनको दफा ४८ बमोजिम अधिकार क्षेत्रको प्रयोग गरी दफा ४९ बमोजिमको न्याय सम्पादनको प्रक्रिया अबलम्बन गर्दै आएको छ । समिति साधन स्रोत, आवश्यक कानुनी ज्ञानको अभाव र न्यायिक समितिबाट सम्पादन भएका कार्यहरू राजनीतिक रूपमा हेर्ने प्रवृत्तिले न्यायिक समितिको कार्यसम्पादनमा चुनौती रहेको आभास हुदै आएको छ । यद्यपी कार्य सम्पादनमा देखा पर्ने चुनौतीहरूलाई समाधान गर्दै गाउँपालिकाबासी नागरिकहरूलाई न्यायको प्रत्याभूति र नागरिकको विश्वास जित्न न्यायिक समिति सफल भएको छ । धन्यवाद

**प्रतिवेदक**

देवकि देवी बोहरा

न्यायिक समिति संयोजक

अपिहिमाल गाउँपालिका